नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)
(................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या: २०८०/८१ (अनुमतिपत्र)
चलनी नं.: ५६२

मिति: २०८०/०९/२३

विषय: सिस्ने खोला खोला ज.वि.आ.(४.७८ मे.वा.)को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र बारे ।

श्री रुक्मिणी पावर कम्पनी लि.
बल्खु-१४, काठमाडौं, नेपाल
फोन नं.: ९८५११३८१५९, ९८५१०५०६४०

प्रस्तुत विषयमा मिति २०७७/०७/०४ मा सिस्ने खोला खोला ज.वि.आ.(४.७८ मे.वा.)को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र संख्या (वि.वि.वि. ०७७/७८, वि.उ.स.११३९) तहाँको नाममामा जारी भइ मिति २०८०/०७/०३ सम्म बहाल भएकोमा विद्युत ऐन, २०४९ को दफा ५ (३) तथा विद्युत नियमावली, २०५० को नियम २५ बमोजिम अनुमतिपत्र नवीकरण गराउनुपर्ने वा नियम १२ बमोजिम विद्युत उत्पादन अनुमतिपत्रको माग गरी अनुमतिपत्रको वहाल म्याद भित्रै विद्युत नियमावली, २०५० को नियम २४(२) बमोजिमको अनुमतिपत्र दस्तुर सहित दरखास्त दिनुपर्ने व्यवस्था रहेको व्यहोरा अवगत नै होला।

अनुमतिपत्र बहाल रहने मिति २०८०/०७/०३ भित्रै अनुमतिपत्रको म्याद थप वा विद्युत उत्पादन अनुमतिपत्रको लागि अनुमतिपत्र दस्तुर सहित दरखास्त दिनुपर्नेमा तहाँले तोकिएको उक्त म्याद मिति भित्र दस्तुर सहित दरखास्त पेश गरेको नदेखिंदा विद्युत ऐन, २०४९को दफा ५ को उपदफा (३) र (४)को व्यवस्था बमोजिम प्रस्तुत अनुमतिपत्र स्वतः रद्द हुने देखिन्छ। अतः रद्द हुनु नपर्ने कुनै कारण भए यो पत्र प्राप्त भएको मितिले १५ दिन को समयावधि भित्र प्रमाण/आधार सहित स्पष्टीकरण पेश गर्नुहुन विभागको मिति २०८०/०९/१६ को निर्णयानुसार जानकारी गराइन्छ।

..............................
(सविन दुलाल)
इन्जिनियर